# प्रमाणहरु के-के थिए?

१. गोरखा मिडिया नेटवर्कमा १५% शेयर र संचालक/प्रबन्ध निर्देशक भएको

सबैभन्दा आधारभूत  प्रमाण रवि लामिछानेको गोरखा मिडिया नेटवर्क प्रा.लि. सँगको औपचारिक सम्बन्ध हो। उनी केवल कार्यक्रम सञ्चालक वा कर्मचारी नभई:

- १५% शेयरधनी,
- कम्पनीका संचालक,
- र निश्चित अवधिसम्म प्रबन्ध निर्देशक

थिए भन्ने तथ्य MoA (Memorandum of Association), कम्पनीका अभिलेख र संसदीय छानबिन समितिको प्रतिवेदनबाट स्थापित गरिएको छ।

कानुनी दृष्टिले, कम्पनीका संचालक तथा प्रबन्ध निर्देशक कम्पनीमा आउने रकमको स्रोत, प्रयोग र परिचालनप्रति प्रत्यक्ष उत्तरदायी हुन्छन्। त्यसैले सहकारीबाट आएको रकमबारे "थाहा थिएन" भन्ने दाबीलाई कमजोर बनाउने पहिलो प्रमाण यही हो।

२. विभिन्न सहकारी संस्थाबाट गोरखा मिडिया नेटवर्कमा ६५ करोडभन्दा बढी रकम प्रवाह भएको

संसदीय छानबिन समितिको प्रतिवेदनले पाँचवटा फरक-फरक सहकारी संस्थाबाट गोरखा मिडिया नेटवर्कमा ६५ करोड रुपैयाँभन्दा बढी रकम प्रवाह भएको तथ्य स्थापित गरेको छ।

उक्त रकम निजी लगानी वा कानुनी स्रोतबाट आएको होइन, बरु सहकारीका बचतकर्ताको रकमबाट आएको हो। यही कारणले यो रकमलाई अपचलन (misappropriation) को रूपमा वर्गीकृत गरिएको छ।

३. सहकारी ऐन विपरीत गैर-सदस्य कम्पनीमा रकम गएको

गोरखा मिडिया नेटवर्क स्वयं धेरै सहकारीहरूको सदस्य नै थिएन, तर त्यस सहकारीबाट कम्पनीको खातामा सिधै रकम गएको देखिन्छ।

यो तथ्य महत्वपूर्ण छ किनभने—

- सहकारी ऐन, २०७४ ले सहकारीको रकम गैर-सदस्य संस्था वा निजी कम्पनीमा यसरी सिधै प्रवाह गर्न अनुमति दिँदैन।

यसरी कानुनले निषेध गरेको मार्गबाट रकम गएको प्रमाण स्वयंमा नै अपराधको संकेत (illegality per se) मानिन्छ।

४. रवि लामिछानेकै नाममा लिइएका व्यक्तिगत ऋणहरू (२ करोडसम्म)

रवि लामिछानेको नाममा—

- सुप्रिम सहकारी,

- सूर्यदर्शन सहकारी,
- सानो पाइला सहकारी

लगायतबाट व्यक्तिगत ऋण लिइएको प्रमाण प्रस्तुत गरेको छ।

विशेष रूपमा उल्लेख गरिएको कुरा के हो भने, यी ऋणहरू—बिना पर्याप्त धितो, गलत वा नक्कली ठेगाना प्रयोग गरेर, र एकै समयमा कम्पनीमा शेयर प्रवेशसँग जोडिएको देखिन्छन्।

यसले ऋण व्यक्तिगत प्रयोजनका लागि नभई कम्पनी पूँजी निर्माण र शेयर खरिदमा प्रयोग भएको संकेत दिन्छ।

५. सहकारीको रकमबाट कम्पनीमा शेयर खरिद गरिएको

रवि लामिछानेले गोरखा मिडियामा शेयर पाउन निवेदन दिएको समय र सहकारीबाट रकम निकालिएको समय एकै हुन्छ।

यसले सहकारीको रकमलाई घुमाएर कम्पनीको स्वामित्व निर्माणमा प्रयोग गरिएको देखाउँछ, जुन संगठित आर्थिक ठगी को लक्षण मानिन्छ।

६. बैंक खातामा एकल हस्ताक्षरबाट कारोबार हुने व्यवस्था

- ग्लोबल IME बैंकको संयुक्त खातामा रवि लामिछानेको एकल हस्ताक्षर र कम्पनीको छाप मात्र प्रयोग गरेर करोडौँ रुपैयाँको लेनदेन भएको प्रमाण भेटिएको छ।

यो प्रमाणले के देखाउँछ भने—

- उनी केवल नाममात्रका निर्देशक थिएनन्,
- बरु दैनिक आर्थिक नियन्त्रण उनकै हातमा थियो।

यसले “मलाई जानकारी थिएन” भन्ने प्रतिरक्षालाई कमजोर बनाउँछ।

७. चारपाङ्ग्रे र भ्यान ऋण तथा ९० लाखभन्दा बढी भुक्तानी चेक

काठमाडौं जिल्ला अदालतले ध्यान दिएको अर्को ठोस प्रमाण—

- रवि लामिछानेकै नाममा लिइएका
    - Four Wheeler Loan
    - Eco Seven Seater Van Loan
- र ती ऋण तिर्न सहकारीमा
    - उनकै हस्ताक्षर भएको चेकबाट
    - ९० लाखभन्दा बढी रकम भुक्तानी

भएको तथ्य हो।

थाहा नभई आफ्नै हस्ताक्षरबाट रकम तिर्नु सम्भव हुँदैन भन्ने सामान्य कानुनी तर्क यहाँ लागू हुन्छ।

८. सह-अभियुक्त, कर्मचारी र लेखापालका बयानहरू

- सह-अभियुक्तहरू, कम्पनीका कर्मचारी, लेखापाल, तथा अन्य साक्षी सबैका बयानहरू एकै दिशामा छन्।

ती बयान अनुसार— आर्थिक निर्णय केन्द्रमा रवि लामिछाने र गीतेन्द्रबाबु राई रहेको देखिन्छ।

साक्षीहरूको बयान आपसमा मिल्दोजुल्दो हुनु न्यायिक रूपमा corroborative evidence मानिन्छ।

९. "माइन्युट छैन" भन्ने दाबीको कानुनी खण्डन

- सहकारीबाट निजी कम्पनीमा रकम लैजानु स्वयं कानुनले निषेध गरेको काम हो, त्यसैले यस्तो गैरकानुनी कामको औपचारिक माइन्युट नहुनु स्वाभाविक हो।

यसरी "माइन्युट छैन" भन्ने दाबीलाई अदालत र छानबिन समितिले प्रतिरक्षा होइन, झन् शंकास्पद परिस्थिति मानेका छन्।

१०. संसदीय छानबिन समितिको प्रतिवेदन स्वयं प्रमाण हुनु

अन्ततः, यो सम्पूर्ण तथ्यहरूको आधार बनेको संसदीय छानबिन समितिको प्रतिवेदन स्वयं कानुनी प्रमाण हो।

प्रमाण ऐन, २०३१ को दफा १३ अनुसार—

- राष्ट्रसेवकले आफ्नो जिम्मेवारी पूरा गर्दा तयार पारेको
- सार्वजनिक दस्तावेज
- अदालतमा प्रमाणका रूपमा स्वीकार्य हुन्छ।

संसद् अन्तर्गत गठन भएको छानबिन समितिले तयार पारेको प्रतिवेदन यसै दायरामा पर्छ।

## प्रतिषोध थियो वा थिएन?

कुनै पनि आपराधिक मुद्दा राजनीतिक प्रतिशोध हो कि होइन भन्ने प्रश्नको उत्तर भावनात्मक नाराबाट होइन, संस्थागत प्रक्रियाको परीक्षण बाट खोजिनुपर्छ। नेपालजस्तो संवैधानिक लोकतन्त्रमा राज्य शक्तिको प्रयोग बहुस्तरीय नियन्त्रण र सन्तुलन (check and balance) अन्तर्गत हुन्छ जहाँ प्रहरी अनुसन्धान गर्छ, सरकारी वकिलले अभियोजन गर्छ, अदालतले न्यायिक मूल्याङ्कन गर्छ र संसदले नीतिगत तथा राजनीतिक निगरानी गर्छ। यी सबै संयन्त्रहरू एकै दिशामा चलेको अवस्थामा "व्यक्तिगत प्रतिशोध" भन्ने आरोप आफैं कमजोर बन्छ।

यदि रवि लामिछाने विरुद्धको सहकारी ठगी मुद्दा केवल एक व्यक्तिलक्षित राजनीतिक प्रतिशोध मात्र हुन्थ्यो भने, त्यसको पहिलो संकेत अदालतको प्रारम्भिक आदेशमै देखिन्थ्यो। नेपालको आपराधिक न्याय प्रणालीमा कमजोर प्रमाण, मनोगत आरोप वा राजनीतिक प्रेरणाबाट दायर गरिएका मुद्दाहरू प्रारम्भिक चरणमै धरापमा

पर्छन्। तर यस प्रकरणमा जिल्ला अदालतहरूले त्यस्तो निष्कर्ष निकालेका छैनन्। बरु काठमाडौं, कास्की, रुपन्देही र चितवन जिल्ला अदालतका आदेशहरूले स्पष्ट रूपमा prima facie आर्थिक संलग्नता देखिएको मानेका छन्।

अदालतहरूले बारम्बार एउटै कुरा दोहोऱ्याएका छन्— "अहिले नै कसूरमा संलग्न छैनन् भन्न मिल्ने अवस्था छैन।"

यो भाषा राजनीतिक होइन, न्यायिक विवेकको भाषा हो। अदालतले दोषी ठहर नगरे पनि, अभियोजन निराधार छैन भन्ने ठहर गर्नु आफैंमा मुद्दाको गम्भीरता र प्रमाणिक आधारको संकेत हो।

यस सन्दर्भमा अर्को महत्वपूर्ण पक्ष के हो भने, रवि लामिछानेमाथि लागेको आरोप कुनै एक व्यक्ति, कुनै एक सहकारी पीडित, वा कुनै एक राजनीतिक दलबाट मात्र उठाइएको होइन। प्रतिनिधि सभाअन्तर्गत गठित संसदीय विशेष छानबिन समिति—जसमा सत्तापक्ष र प्रतिपक्ष दुवैका सांसदहरूको सहभागिता थियो, त्यस समितीले विस्तृत छानबिनपछि तथ्यगत निष्कर्ष निकालेको हो। उक्त समितिले बैंक ट्रान्जेक्सन, कम्पनी अभिलेख, बयान, चेक, ऋण खाता र संस्थागत कागजातहरूका आधारमा गोरखा मिडिया नेटवर्कमार्फत सहकारी रकमको दुरुपयोग भएको ठहर गरेको छ।

नेपालको प्रमाण ऐन, २०३१ को दफा १३ अनुसार संसद अन्तर्गत गठित समितिको प्रतिवेदन सार्वजनिक दस्तावेज हो, र त्यसको प्रमाणिक मूल्य अदालतले विचार गर्न सक्ने हुन्छ। यस प्रकरणमा अदालतहरूले संसदीय छानबिन समितिको प्रतिवेदनलाई समर्थन सामग्री (supporting material) का रूपमा ग्रहण गरेको देखिन्छ। यदि यो प्रतिवेदन राजनीतिक पूर्वाग्रहबाट निर्देशित मात्र हुन्थ्यो भने, न्यायालयले त्यसलाई विचारणीय नै मान्ने थिएन।

अझ गम्भीर प्रश्न त्यहाँ उठ्छ, जहाँ सहकारी ठगीसम्बन्धी आरोप सार्वजनिक रूपमा उठिरहेको समयमा रवि लामिछाने स्वयं गृहमन्त्री थिए। गृह मन्त्रालय अन्तर्गत नेपाल प्रहरी पर्छ, जसले यस्ता आपराधिक मुद्दाको अनुसन्धान गर्छ। प्राकृतिक न्यायको स्थापित सिद्धान्त "nemo judex in causa sua" अनुसार—कोही पनि आफ्नो मुद्दामा स्वयं निर्णायक वा प्रभावशाली स्थितिमा रहनु हुँदैन। यहाँ आरोपित व्यक्ति नै अनुसन्धान संयन्त्रको शीर्षमा रहनु स्पष्ट conflict of interest हो।

यदि राज्य संयन्त्र साँच्चै राजनीतिक प्रतिशोधमा लागेको हुन्थ्यो भने, गृहमन्त्री स्वयं रहेको अवस्थामा यस्तो मुद्दा अघि बढ्नु झन् असम्भवजस्तै हुन्थ्यो। तर उल्टो भयो—अनुसन्धान अघि बढ्यो, अभियोजन दर्ता भयो र अदालतले त्यसलाई विचारणीय ठहर गऱ्यो। यसले मुद्दा राजनीतिक इच्छाले होइन, संस्थागत निरन्तरताले अघि बढेको पुष्टि गर्छ।

सहकारी ठगीजस्तो गम्भीर आर्थिक अपराधमा प्रारम्भिक संलग्नता देखिइसकेको अवस्थामा 'क्लिन चिट" को नारा लगाउनु कानुनी दृष्टिले भ्रामक हुन्छ। आपराधिक न्याय प्रक्रियामा "क्लिन चिट" अदालतको अन्तिम फैसलाबाट मात्र प्राप्त हुन्छ, राजनीतिक भाषण वा जनदबाबबाट होइन। त्यसैले प्रतिपक्षी दलका सांसदहरूले यस विषयमा प्रश्न उठाउनु कुनै व्यक्तिगत रिसइवी होइन, सरकारलाई जवाफदेही बनाउनु प्रतिपक्षको संवैधानिक कर्तव्य हो।

अझ आपत्तिजनक पक्ष भनेको अदालतमा विचाराधीन मुद्दा हुँदाहुँदै भीड परिचालन, त्रास सिर्जना, हस्ताक्षर संकलन र सार्वजनिक दबाबमार्फत न्यायालयमाथि प्रभाव पार्ने प्रयास हो। यस्तो आचरण न त लोकतान्त्रिक मूल्यसँग मेल खान्छ, न त न्यायिक स्वतन्त्रताको सम्मान गर्छ। न्याय भीडबाट होइन, प्रमाण र कानूनबाट हुन्छ—यो सिद्धान्त लोकतन्त्रको आधारस्तम्भ हो।

यस सन्दर्भमा महान्यायाधिवक्ताको कार्यालयले मुद्दा फिर्ता लिने निर्णय गर्नु झन् गम्भीर संवैधानिक बहसको विषय बन्छ। नेपालको आपराधिक न्याय प्रणालीमा अदालतमा विचाराधीन मुद्दा न्यायमूर्तिको फैसलाबाट

टुंगिन्छ, कार्यकारी निकायको निवेदनबाट होइन। महान्यायाधिवक्ताको कार्यालयमा मुद्दा फिर्ताका लागि निवेदन दिनु न्यायिक प्रक्रियाबाट उम्किने प्रयासको रूपमा पनि बुझिन सक्छ।

यदि रवि लामिछाने आफू निर्दोष भएकोमा पूर्ण रूपमा विश्वस्त हुन्थे भने, उनी अदालतमा प्रमाण पेस गरेर, बहस गरेर, फैसलाबाटै सत्य स्थापित गर्न चाहन्थे। न्यायमा विश्वास गर्ने व्यक्ति अदालतबाट भाग्दैन; अदालतको निर्णय कुर्छ। कार्यकारी शक्तिको प्रयोग गरेर मुद्दा फिर्ता गराउन खोज्नुले नै मुद्दामा संलग्नताको शंका थप बलियो बनाउँछ।

अन्ततः उपलब्ध तथ्य, जिल्ला तथा उच्च अदालतका आदेश, संसदीय छानबिन समितिको प्रतिवेदन, अनुसन्धान प्रक्रिया र अभियोजनको समग्र मूल्याङ्कन गर्दा, रवि लामिछानेविरुद्धको सहकारी ठगी मुद्दा व्यक्तिगत रिसइवी वा राजनीतिक प्रतिशोधको उपज होइन भन्ने निष्कर्ष अपरिहार्य देखिन्छ। यो मुद्दा संस्थागत छानबिन, कानुनी प्रक्रिया र न्यायिक परीक्षण मार्फत अघि बढेको छ, र यसको अन्तिम निर्णय अदालतले प्रमाण र कानूनका आधारमा मात्र गर्नेछ, न कि भीड, नारा वा राजनीतिक दबाबका आधारमा।

| जिल्ला/ अदालत | सहकारीको नाम | मुख्य दाबी र प्रमाण | न्यायिक स्थिति/आदेश |
|---|---|---|---|
| कास्की | सूर्यदर्शन बचत तथा ऋण | १.५१ अर्ब हिनामिना; गोर्खा मिडियामा ३० करोड प्रवाह। लामिछानेले ऋण तिर्न काटेका चेकहरू फेला। | कात्तिक २ मा पक्राउ। पुस २५ (Jan 9) मा जिल्ला अदालतबाट ६५ लाख धरौटीमा रिहिाको आदेश। |
| रूपन्देही | सुप्रिम बचत तथा ऋण | लामिछानेको नाममा विना धितो २ करोड ऋण प्रवाह। लामिछानेको हस्ताक्षर र खाता विवरण प्रमाण। | सुरुमा १० लाख धरौटी आदेश भए पनि, उच्च अदालत तुलसीपुरले बदर गरी चैत २२ (April 4) मा जेलमै राख्न आदेश दियो। |
| चितवन | सहारा बहुउद्देश्यीय | ११ करोड ७० लाख गोर्खा मिडियामा। लामिछानेले हस्ताक्षर गरेका ८१४ वटा चेकहरू (४८ करोड बराबर) प्रमाण। | फागुन २०८१ मा ५४ लाख धरौटीमा रिहाइको आदेश। |
| काठमाडौं | स्वर्णलक्ष्मी बहुउद्देश्यीय | ५ करोड ८ लाख लामिछानेविरुद्ध दाबी। सञ्चालकहरूसँगको मिलेमतोमा ऋण प्रवाह। | माघ २ (Jan 15) मा ६० लाख धरौटी आदेश। |

| | | | |
|---|---|---|---|
| पर्सा | सानो पाइला | १ करोड ५० लाख लामिछानेको व्यक्तिगत ऋण। थप पूरक अभियोग पत्र दर्ता। | |

## EXPLANATIONS OF प्रमाण र प्रतिषोध

गोरखा मिडिया नेटवर्क प्रा.लि. (Galaxy 4K TV को मूल कम्पनी) ले सञ्चालनका लागि प्रयोग गरेको ठूलो रकम निजी लगानीबाट नभई विभिन्न सहकारी संस्थाका बचतकर्ताको रकमबाट आएको भन्ने तथ्य संसदीय छानबिन समितिले स्थापित गरेको छ। यही कम्पनीका प्रबन्ध निर्देशक, सञ्चालक र १५**%** शेयरधनी को हैसियतमा रवि लामिछाने थिए।

त्यसैले यो मुद्दा "कार्यक्रम सञ्चालकलाई फसाइएको" भन्ने होइन, कम्पनीको शीर्ष तहमा बसेर आर्थिक निर्णय गर्ने व्यक्ति कानुनी रूपमा जिम्मेवार हुन्छ कि हुँदैन **?** भन्ने प्रश्नसँग सम्बन्धित छ।

### १. जिल्ला अदालतहरूमा मुद्दा कसरी अघि बढ्यो ?

जिल्ला अदालतहरूको चरणमा मुद्दा हेर्दा एउटै साझा कुरा देखिन्छ—
कुनै पनि अदालतले रवि लामिछानेलाई "निर्दोष" भनेको छैन,
बरु सबै अदालतले प्रथम दृष्टिमा **(prima facie)** उनको संलग्नता नकार्न नसकिने भनेका छन्।

(क) काठमाडौं जिल्ला अदालत

काठमाडौं जिल्ला अदालतले रवि लामिछानेलाई तत्काल थुनामा नराखी धरौटीमा छाडेको भए पनि, यस आदेशलाई "क्लिन चिट" को रूपमा बुझ्न मिल्दैन। अदालतको आदेशको भाषा हेर्दा, अदालतले स्पष्ट रूपमा उनीमाथि लागेको आरोप असत्य हो भन्ने निष्कर्ष निकालेको छैन।

अदालतले सबैभन्दा पहिले ध्यान दिएको तथ्य के हो भने, रवि लामिछाने गोरखा मिडिया नेटवर्क प्रा.लि.को औपचारिक प्रबन्ध निर्देशक बन्नुभन्दा अगाडि नै कम्पनीको **Global IME Bank** मा बैंक खाता खोलिएको थियो, र त्यो खाता उनकै हस्ताक्षरबाट सञ्चालन हुने गरी व्यवस्था गरिएको थियो। यसको कानुनी अर्थ के हुन्छ भने, उनी औपचारिक पद नलिएको अवस्थामा पनि कम्पनीको आर्थिक संरचनामा सुरुदेखि नै जोडिएका थिए।

अर्को गम्भीर तथ्य के देखियो भने, गोरखा मिडिया नेटवर्क स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाको सदस्य नै थिएन, तर त्यस सहकारी संस्थाबाट सिधै कम्पनीको बैंक खातामा रकम प्रवाह भएको पाइयो। सहकारी ऐनको मूल मर्मअनुसार, सदस्य नरहेको संस्थामा सहकारीको रकम जानु आफैंमा अस्वाभाविक र शंकास्पद हुन्छ।

यसै सन्दर्भमा, अदालतले अझ गम्भीर कुरा के देख्यो भने, रवि लामिछानेकै नाममा:

- Four-Wheeler Loan
- Eco Seven-Seater Van Loan

लिइएको थियो, र ती ऋणहरू उनकै हस्ताक्षर भएको चेक प्रयोग गरेर सहकारी संस्थामा ९० लाख रुपैयाँभन्दा बढी रकम भुक्तानी गरिएको थियो।

यी सबै तथ्यहरूको संयुक्त प्रभाव के भयो भने, अदालतको नजरमा “मलाई थाहा थिएन” वा “म संलग्न थिइनँ” भन्ने प्रतिवादीको जिकिर यस चरणमै विश्वास गर्न सकिने देखिएन।

(ख) कास्की जिल्ला अदालत

कास्की जिल्ला अदालत, विशेषतः सूर्यदर्शन सहकारी प्रकरण मा, अझ स्पष्ट र कडा देखिन्छ।

अदालतले उपलब्ध बैंक कागजात र अनुसन्धान प्रतिवेदनको आधारमा के देख्यो भने:

- सहकारी संस्थाबाट आएको रकम रवि लामिछानेसँग सम्बन्धित खातामा आएको छ
- त्यही रकम पुनः अन्यत्र पठाइएको छ
- यस प्रक्रियामा अन्य अभियुक्तहरूसँग उनको आर्थिक अन्तरसम्बन्ध देखिन्छ
- बैंक ट्रान्जेक्सनहरू हेर्दा, एक व्यक्तिको मात्र नभई संगठित सञ्जाल **(network)** को संकेत देखिन्छ

यस कारण कास्की जिल्ला अदालतको निष्कर्ष अत्यन्तै स्पष्ट छ— अहिले नै रवि लामिछाने कसूरदार होइनन् भन्न मिल्दैन।

कानुनी भाषामा यस अवस्थालाई **prima facie involvement** भनिन्छ, अर्थात् मुद्दा पूरा सुनुवाइ नभएसम्म दोष सिद्ध नभए पनि, सामान्य दृष्टिले संलग्नता देखिने अवस्था।

(ग) रुपन्देही जिल्ला अदालत

रुपन्देही जिल्ला अदालतको विशेषता के हो भने, यस अदालतले संसदीय छानबिन समितिको प्रतिवेदनलाई औपचारिक **supporting material** को रूपमा स्वीकार गरेर निर्णय गरेको छ।

त्यस प्रतिवेदनको आधारमा अदालतले के तथ्य स्थापित भएको देख्यो भने:

- रवि लामिछानेको नामबाट ७५ लाख रुपैयाँ गोरखा मिडिया नेटवर्कको खातामा जम्मा भएको
- गोरखा मिडिया नेटवर्कबाट १७ लाख रुपैयाँभन्दा बढी रकम पेश्कीका रूपमा लिइएको र अझै फछ्र्यौट हुन बाँकी रहेको

तर सबैभन्दा निर्णायक अवलोकन के हो भने अदालतले स्पष्ट रूपमा भन्यो—
“आर्थिक कारोबार प्रबन्ध निर्देशकले नै गर्ने गरेको पाइयो।”

यसले अदालतलाई के संकेत गर्‍यो भने, रवि लामिछाने केवल नाममात्रको निर्देशक होइनन्, बरु कम्पनीको दैनिक आर्थिक गतिविधि नियन्त्रण गर्ने केन्द्रीय व्यक्ति थिए।

(घ) चितवन जिल्ला अदालत

चितवन जिल्ला अदालतको आदेश सबैभन्दा लामो, गहिरो र प्रमाण-केन्द्रित छ।

यस अदालतको महत्वपूर्ण पक्ष के हो भने, अदालतले रवि लामिछानेले आफैं दिएका बयानहरूलाई नै उनको विरुद्ध प्रयोग गरेको छ।

उनले अदालत र अनुसन्धान अधिकारीसमक्ष स्वीकार गरेका तथ्यहरू यस्ता छन्:

- आफू गोरखा मिडिया नेटवर्कको प्रबन्ध निर्देशक हो

- आफूले कम्पनीमा १५% शेयर पाएको छ
- आफूले कम्पनीका चेकहरूमा हस्ताक्षर गरेको छ

यसबाहेक, अनुसन्धान अधिकारीसमक्ष उनले भनेका छन् कि:

- चेकहरू अध्यक्ष गीतेन्द्रबाबु राईको निर्देशनमा जारी गरिएका
- आफ्नो कार्यकालमा धेरै चेकहरू जारी भएका

तर अदालतले यत्तिमै कुरा टुंग्याएन। अदालतले थप प्रमाणहरू पनि हेर्दा:

- सह-प्रतिवादीहरूले रवि लामिछानेलाई प्रत्यक्ष रूपमा पोल गरेका
- साहारा चितवन सहकारीबाट कम्पनीमा रकम गएको चेक प्रमाण भेटिएको
- कर्मचारी, लेखापाल र अन्य साक्षीहरूको बयान आपसमा मिल्दोजुल्दो रहेको

यस सबैको समग्र मूल्याङ्कनपछि चितवन जिल्ला अदालतले निष्कर्ष निकाल्यो कि—
अहिले नै कसूरमा संलग्न छैनन् भन्न सकिने अवस्था छैन।

<u>२. उच्च अदालतको दृष्टिकोण</u>

उच्च अदालत तुलसीपुर (बुटवल इजलास) ले मुद्दाको मेरिट **(**दोष-निर्दोष**)** होइन, थुनामा राख्नुपर्छ कि पर्दैन **?** भन्ने प्रश्न मात्र हेरेको हो।

उच्च अदालतले विचार गर्दा:

- बिगो रकम अत्यन्त ठूलो (रु. २ करोड ७४ लाख ८४ हजार)
- मुद्दा गम्भीर आर्थिक अपराधसँग सम्बन्धित
- प्रमाणहरू प्रारम्भिक रूपमा बलिया देखिएका

त्यसैले अदालतले निष्कर्ष निकाल्यो कि:

- प्रतिवादीलाई पूर्ण स्वतन्त्र छाड्न मिल्दैन
- तर बिगो सुरक्षित हुने गरी धरौटी राखेर पुर्पक्षका लागि बाहिर बस्न दिन सकिन्छ

यस आदेशको कानुनी अर्थ: निर्दोष ठहर होइन, केवल **trial** चल्दासम्म सशर्त स्वतन्त्रता।

<u>३. सर्वोच्च अदालतको कानुनी तर्क (सबैभन्दा महत्त्वपूर्ण)</u>

सर्वोच्च अदालतले भावनात्मक बहस होइन, दस्तावेज, कागजात र व्यवहारिक तथ्य मा आधारित reasoning गरेको छ।

**(**क**)** सुरुदेखि नै कम्पनीसँग सम्बन्ध

MoA (Memorandum of Association) अनुसार:

- गोरखा मिडिया नेटवर्क स्थापना भएको दिनमै
- रवि लामिछानेले १५% शेयर लिएको

यसैले सर्वोच्च अदालतले “म पछि मात्र आएको हुँ” भन्ने दाबीलाई तथ्यविपरीत ठहर गर्‍यो।

(ख) प्रबन्ध निर्देशकको हैसियत

रवि लामिछाने:

- २०७७/०७/०२ देखि २०७९/०३/०१ सम्म
- प्रबन्ध निर्देशक, सञ्चालक र शेयरधनी

यही अवधिमा:

- सहकारी संस्थाबाट
- पटक-पटक ठूलो रकम कम्पनीमा गएको

यसले उनको जिम्मेवारी स्पष्ट बनाउँछ।

(ग) व्यक्तिगत ऋणको तथ्य

Loan A/C बाट:

- रु. २ करोड कर्जा प्रवाह

यो तथ्यमा:

- कुनै विवाद छैन
- प्रतिवादीले पनि अस्वीकार गरेका छैनन्

(घ) “मलाई थाहा थिएन” भन्ने दाबी अस्वीकार

आफ्नै हस्ताक्षरबाट:

- सहकारीलाई लाखौँ रुपैयाँ भुक्तानी

सर्वोच्च अदालतको सरल प्रश्न:

थाहा नभई कसरी भुक्तानी हुन्छ ?

(ङ) औपचारिक नियुक्तिभन्दा अघि नै आर्थिक भूमिका

- सञ्चालक समिति बैठकमा उपस्थिति
- बैंक खाता खोल्ने निर्णय
- सहकारीको रकम सोही खातामा

यसले पहिले नै आर्थिक संलग्नता देखाउँछ।

(च) शेयर निःशुल्क पाएको दाबी खण्डन

लगानी स्रोत फारममा:

- ऋण
- आम्दानी
- पैत्रिक सम्पत्ति

यदि निःशुल्क हो भने, लगानी स्रोत किन देखाइयो ?
यसैले अदालतले दाबी अस्वीकार गर्‍यो।

(छ) सहकारी ऋणबाट शेयर खरिद

- सहकारी ऐनअनुसार प्रक्रिया पूरा नगरेको
- गैरकानूनी मार्ग प्रयोग

(ज) कम्पनी छाडिसकेपछि पनि हस्ताक्षर

- औपचारिक रूपमा अलग भएपछि पनि
- चेकहरूमा हस्ताक्षर जारी

यसले निरन्तर नियन्त्रण देखाउँछ।

(झ) सह-अभियुक्त र कर्मचारी बयान

- सबै बयान एउटै दिशामा
- आर्थिक निर्णय केन्द्र:
    - रवि लामिछाने
    - गीतेन्द्रबाबु राई

**४. संसदीय छानबिन समिति किन महत्वपूर्ण प्रमाण हो ?**

प्रतिनिधि सभाको २०८१ जेठ १५ गतेको बैठकबाट पारित प्रस्तावअनुसार संसदीय छानबिन समितिको कार्यक्षेत्र चार बुँदामा सीमित गरिएको थियो।

१) समितिले सहकारी क्षेत्रमा देखिएको संकट, कानूनी तथा संस्थागत कमजोरी र वित्तीय नियमनबारे अध्ययन गरी सुधार सुझाव दिने;

२) समस्याग्रस्त सहकारीका बचतकर्ताको रकम सुरक्षित राख्दै दुरुपयोग भएको रकम छिटो फिर्ता गर्ने उपाय सिफारिस गर्ने;

३) नेपाल सरकार र सम्बन्धित निकायहरूले गरेका समस्या समाधानका प्रयासको प्रगति मूल्याङ्कन गरी अविलम्ब बचत फिर्ताको मार्ग सुझाउने;

४) साथै विभिन्न सहकारीबाट गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायत कम्पनीहरूमा प्रवाह भएको रकममा गैरकानूनी लेनदेन भएको-नभएको अध्ययन गरी दोषी पहिचान र कानूनी कारबाहीका लागि सिफारिस गर्ने जिम्मा समितिलाई दिइएको थियो।

प्र. रवि लामीछाने यस छानबिन समितीको औपचारिक कार्यक्षेत्र भित्र पर्छन या पर्दैनन्?

ज. गोरखा मिडिया नेटवर्क र त्यससँग सम्बन्धित विषय जसमा रवि लामिछाने प्रत्यक्ष रूपमा जोडिएका छन् समितिको औपचारिक कार्यक्षेत्र भित्रकै विषय हो। सो विषयमा छलफल गर्नु, प्रश्न उठाउनु वा सामाजिक सञ्जालमा बहस हुनु न त गलत हो, न त समितिको कार्यदिशाभन्दा बाहिरको कुरा हो।

बरु, संसदीय छानबिन समितिको प्रतिवेदनले नै रवि लामिछाने उक्त प्रकरणमा प्रत्यक्ष संलग्न देखिएको उल्लेख गरेको छ।

तलका सम्पूर्ण प्रकरण,सत्य-तथ्य र प्रमाणहरु संघीय संसद बमोजिम सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समिति,२०८१ द्वारा प्रकाशित प्रतिवेदनमा आधारित रहेर प्रस्तुत गरिएको हो।

<u>प्रकरण नं. ०१ गोरखा मिडिया नेटवर्कमा रवि लामिछानेको भूमिका</u>

१. रवि लामिछाने कर्मचारी मात्र होइनन, गोर्खा मिडियाका संचालक हुन, मालिक हुन । १५ प्रतिशत शेयर सहितको मालिक हुन । सम्पूर्ण हर्ताकर्ता हुन ।

२. गोरखा मिडिया नेटवर्कमा ५ वटा फरक-फरक सहकारीबाट रकम प्रवाह भएको रिपोर्टमा उल्लेख छ । ६५ करोड भन्दा बढी रकम सिधै प्रवाह भएको तथ्य विशेष छानविन समितिको प्रतिवेदनमा प्रस्तुत गरिएको छ।

३.जूनसुकै र जस्तोसुकै कम्पनिको संचालकलाई कम्पनी चलाउने रकम के कहाँबाट आउँछ? कसरी आउँछ? कति आउँछ ? भन्ने कुरा थाहा हुनु अपरिहार्य कुरा हो। जसरी रवी लामिछानेले रकम आएको कुरा थाहा नभएको भनी बारम्बार भन्ने गर्छन,त्यो कार्य सरासर कानून सम्मत हुन सक्दैन।

४.रवी लामिछानेले रकमको स्रोतमाथी प्रश्न गरेको पनि पाईदैन र कुनै विमति वा फरक मत दर्ज गरेका पनि छैनन । निज रबि लामिछाने कम्पनीको जिम्मेवार पदाधिकार हुन । सहकारीबाट आएको रकम खर्च वा परिचालन गरेबापत सिर्जना हुने उत्तरदायीत्व उनले बहन गर्नुपर्छ भन्ने उक्त समितिको निष्कर्ष छ ।

५.रकम लेनदेन र अपचलनमा गोरखा मिडिया नेटवर्कका तत्कालिन संचालकहरू, अध्यक्ष, प्रवन्ध निर्देशकको नै संलग्नता रहेको भन्ने अनुसन्धानको निचोडले पनि रवी लामिछानेलाई दोषी ठहर गर्न झन मद्दत पुगेको प्रष्ट छ।

६. गोरखा मिडियाको संचालनको लागि रकम संकलन गर्ने जुन विधि वा मार्ग अपनाइएको छ त्यो सरासर गैरकानूनी मार्ग रहेको पाइएको र सो पछिका अन्य कारोवारहरू पनि कानुन सम्मत नभएको हुनाले रकम अपचलन नै भएको सत्य पुष्टि हुन जान्छ।

७. थप प्रमाणको रुपमा - "ऋण लिने कुरा कि जिवीले की रवीले जान्छन- सवै हर्ताकर्ता रवी लामिछाने हुन।" भन्ने किसिमको समितिले छानविन गर्ने क्रममा छवि जोशीले दिएको बयानलाई लिन सकिन्छ।

८. तसर्थ रवि लामिछाने गोर्खा मिडियाको संचालक अथवा मालिक भएको र उनी सो कम्पनीको संचालक रहेको अवधिमा उक्त कम्पनिको रकम अपचलन भएको कारण उनि कारबाहीको दायरमा आएका हुन्।

९. अर्थात- २०७७ माघ १ देखि २०७९ असार १ सम्ममा सहकारीबाट आएको रकमको हकमा उनी जिम्मेवार छन। अत: प्रचलित कानूनबमोजिम कारवाही गरिनुपर्छ।

<u>प्रकरण नं.०२ सुप्रिम र सूर्यदर्शन सहकारी ऋण प्रकरण</u>

१. सुप्रीम सहकारीको रकम अपचलन सम्बन्धी अभियोग पत्रमा जम्मा ०९ स्थानमा रबी लामिछानेले ऋण लिएको कुरा उल्लेख गरिएको छ।

२. त्यही अनुरूप पोखरा महानगरपालिकाले गरेको सूर्यदार्शन सहकारी माथिको अध्ययन रिपोर्टमा निज रवी लामिछानेले ऋण लिएकै हो भन्ने कुरा उल्लेख छ। उक्त रिपोर्टमा १९ जाना ठूला ऋणिको नाम समावेश भएको पुष्टि गरिएको छ र उक्त १९ नाम मध्य एक हो रवी लामिछाने।

३. त्यसैगरी पोखरा सिर्जनाचोक ठेगाना राखेर २०७८- ३-३१ मा रवी लामीछानेको नाममा सुर्यदर्शन सहकीबाट ऋण निकालिन्छ र त्यो रकम सोझै गोरखा मिडियाका संचालक रवी लामिछानेको खातामा आउँछ।

४. पोखराको जस्तै गलत ठेगाना पेश गरेर बुटवल ११ को बासिन्दा रवी लामिछानेको नाममा २०७७-१२-१८ र २०७८-१-५ मा रकम निस्कन्छ र उक्त रकम पनि गोरखा मिडियाका संचालक रवी लामिछानेको नाममा जम्मा हुन्छ ।

५. रवी लामिछानेले गोरखा मिडियामा शेयर पाउँ भनेर निवेदन दिएकै मिति र समयमा सुर्यदर्शन सहकारीबाट उक्त कारोबार भएको देखिन्छ। र त्यही समयमा बुटवलको सुप्रिम सहकारीबाट पनि रकम जम्मा भएको पाइन्छ ।

६. अत: उक्त सहकारीबाट प्राप्त रकमको आधारमा उनी गोरखा मीडिया कम्पनीको मालिक बन्छन र यो तथ्यको प्रामाण स्वरूप उक्त कारोबारको भौचर अनुसन्धानको क्रममा भेटिएको पाइन्छ।

७. सहकारी ऐन, २०७४ को दफा १२२(छ) अनुसार "कसैले झुटा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामीना गरेमा" यसै ऐन बमोजिम सहकारी सम्बन्धी कसूर गरेको मानीनेछ भन्ने व्यवस्था अनुरूप निज लामिछाने दोषी ठहर हुन जान्छन।

८.मुलुकी अपराध संहिता,२०७४ को दफा ३० मा संङ्गठित संस्थाबाट भएको कसुरमा काम गर्ने गराउनेको अपराधिक दायित्व हुने भनेको छ ।

<u>प्रकरण नं.०३ "माइन्युट छैन" भन्ने दाबीको खण्डन</u>

१.सहकारीदेखि ऋण लिएको माइन्यूट नभएको त्यसैले यो झुटा आरोप हो भनि निजले भन्दै आएको कुरा ऊपर अनुसन्धान गर्दा सहकारीको ऋण लिने माइन्युट गोरखा मिडिया मात्र होइन कुनै पनि निजी कम्पनीले लिदैनन किनकी कानुनले सहकारीबाट निजी कम्पनीमा रकम लेनदेन गर्न दिदैन ।-सहकारी ऐन,२०७४ दफा ५०(२)

२.तर रवी लामिछाने स्वयंले सार्वजनिक रुपमा नै स्वीकार गरे अनुसार सहकारी देखि आफूले ब्यक्तिगत रुपमा ऋण मात्र लिएको र अन्य कुनै सम्बन्ध नभएको भन्ने व्यहोरा उपर समितिले अध्ययन गर्दा उनले ऋण लिएको स्वीकार गरेपनि कुनै ठोस प्रमाण दर्शाउन नसकेको पाइएको छ। सो मामिलाले पनि उनले लिएको उक्त ऋण/रकम गोरखा मीडिया प्रकशान लाई नै हो भन्ने कुरा थप बलियो हुन जान्छ।

३.अन्तत: रवी लामिछानेका विभिन्न बैंकमा अनेकन खाता हुनसक्छन, एकल हुनसक्छन, सयुक्त हुनसक्छन । ति मध्ये सहकारीबाट रवी लामिछाने सहितको ग्लोबल IME Bank को Joint खातामा ७५ करोड बढी पैसा गएको तथ्य प्रतिवेदन र प्रमाण मार्फत देखिएको छ। अझ रमाइलो कुरा त के छ भने, उक्त संयुक्त खातामा पनि रवी लामिछानेको एकल हस्ताक्षर र कम्पनिको छाप मात्रले रकम लेनदेन गर्न मिल्ने गरेको पाइएको छ।

माथि प्रस्तुत गरिएका सम्पूर्ण घटनाक्रम र विवरण अनुसार सहकारी ऐनको दफा १२२ (त) अनुसार सहकारी सस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन,

कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार  गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा, संलग्नलाई उत्तिकै दोषी मानेको छ ।

अत: रवी लामिछानेलाई सोही सहकारी ऐन अनुरूप र प्रचलित अन्य कानून बमोजिम सजाय हुनु पर्ने नै देखिन्छ।

<u>संसदीय छानबिन समितिको प्रतिवेदनअनुसार रवि लामिछाने दोषी देखिनुका मुख्य कारणहरू :-</u>

१) सहकारीको रकम गोरखा मिडिया नेटवर्कमा गैरकानूनी रूपमा प्रवाह भएको

संसदीय छानबिन समितिको प्रतिवेदनले सहकारी संस्थाहरूको रकम गोरखा मिडिया नेटवर्क प्रा.लि. मा गैरकानूनी रूपमा प्रवाह भएको तथ्य स्पष्ट रूपमा स्थापित गरेको छ। प्रतिवेदन अनुसार गोरखा मिडिया नेटवर्क प्रा.लि. मा विभिन्न पाँच वटा सहकारी संस्थाबाट ६५ करोड रुपैयाँभन्दा बढी रकम प्रवाह भएको देखिन्छ र सो रकम प्रवाहको सम्बन्धमा समितिले थप निष्कर्ष निकाल्दै भनेको छ कि "जुनसुकै विधि वा मार्ग अपनाइएको भए तापनि उक्त रकम प्रवाहका प्रक्रिया र विधि कानुनसम्मत देखिँदैन।

२) रवि लामिछाने कम्पनीका जिम्मेवार पदाधिकारी

संसदीय छानबिन समितिको प्रतिवेदनले गोरखा मिडिया नेटवर्क प्रा.लि. मा प्रवाह भएको सहकारीको रकमको सन्दर्भमा कम्पनीका जिम्मेवार पदाधिकारीहरूको भूमिकालाई स्पष्ट रूपमा व्याख्या गरेको छ। प्रतिवेदनमा कम्पनी सञ्चालनको संरचना र जिम्मेवारीबारे उल्लेख गर्दै भनिएको छ—"कम्पनीका संचालक सदस्य तथा प्रबन्ध निर्देशकको भूमिका र जिम्मेवारीमा रहेका व्यक्तिहरू कम्पनीमा प्राप्त हुने रकमप्रति जिम्मेवार र उत्तरदायी रहनुपर्ने हुन्छ।" समितिको यो निष्कर्ष कम्पनी कानून तथा सुशासनको स्थापित सिद्धान्तमा आधारित छ, जसअनुसार कम्पनीमा आउने कुनै पनि रकमको स्रोत, उपयोग र परिचालनबारे जानकारी राख्नु तथा कानुनसम्मत रूपमा प्रयोग भएको सुनिश्चित गर्नु संचालक तथा प्रबन्ध निर्देशकको अनिवार्य दायित्व हुन्छ। त्यसैले प्रतिवेदनले रवि लामिछानेलाई केवल 'कर्मचारी' वा 'सूचनाविहीन व्यक्ति' का रूपमा नभई, गोरखा मिडिया नेटवर्कका तत्कालीन संचालक तथा प्रबन्ध निर्देशकको हैसियतमा कम्पनीमा आएको सहकारीको रकमप्रति प्रत्यक्ष उत्तरदायी व्यक्ति ठहर गरेको छ। यही कारण समितिले कम्पनीमा भएको गैरकानूनी रकम प्रवाहको जिम्मेवारीबाट उनलाई अलग गर्न नसकिने स्पष्ट उल्लेख गरेको छ।

३) सहकारीबाट आएको रकमको स्रोतप्रति प्रश्न नगरी परिचालन गरिएको

संसदीय छानबिन समितिको प्रतिवेदनले सहकारी संस्थाबाट गोरखा मिडिया नेटवर्क प्रा.लि. मा आएको रकमको स्रोतबारे तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछानेले कुनै प्रश्न, आपत्ति वा विमति नजनाएको तथ्यलाई गम्भीर रूपमा उल्लेख गरेको छ। प्रतिवेदनमा स्पष्ट रूपमा भनिएको छ—"सहकारीको रकम अनियमित तवरबाट गोरखा मिडिया नेटवर्कमा आएको भए तापनि तत्कालीन प्रबन्ध निर्देशकले सो रकमको स्रोतबारे कुनै आपत्ति वा विमति जनाएको देखिँदैन।" समितिको दृष्टिमा कम्पनीका शीर्ष पदाधिकारीले कम्पनीमा आउने ठूलो परिमाणको रकमको स्रोतबारे जानकारी राख्नु, कानुनसम्मत भएको सुनिश्चित गर्नु र शंकास्पद देखिएमा प्रश्न उठाउनु अनिवार्य दायित्व हो। तर प्रतिवेदनले देखाएअनुसार रवि लामिछानेले सहकारी ऐनले निषेध गरेको स्रोतबाट आएको

रकमप्रति मौन रहँदै त्यसको खर्च तथा परिचालन गरेको देखिन्छ, जसले उनी सो गैरकानूनी लेनदेनप्रति अनभिज्ञ नभई जानाजानी बेवास्ता वा सहकार्य गरेको निष्कर्षतर्फ प्रतिवेदनलाई पुऱ्याएको छ।

४) सहकारीको रकम शेयर खरिद तथा कम्पनी सञ्चालनमा प्रयोग हुनु

प्रतिवेदन अनुसार गोरखा मिडिया नेटवर्कमा विभिन्न सहकारी संस्थाबाट करोडौँ रुपैयाँ गैरकानूनी रूपमा प्रवाह भएको देखिन्छ। यो रकम विज्ञापन, तलब, उपकरण खरिद जस्ता दैनिक सञ्चालन खर्चमा मात्र प्रयोग भएन, कम्पनीको शेयर खरिद-बिक्री प्रक्रियामा समेत प्रयोग भएको पाइएको छ।

यसको अर्थ गोरखा मिडिया नेटवर्कको पूँजी संरचनानै सहकारीको रकममा आधारित भएको छ। अर्थात्, कम्पनीको मालिक बन्न प्रयोग भएको पैसा निजी लगानी, अवैध ऋण र सहकारीका बचतकर्ताको रकमबाट आएको देखिन्छ।

अझ गम्भीर कुरा त शेयर खरिदका क्रममा किर्ते कागजात, नक्कली ठेगाना, नक्कली ऋण फारम र संयुक्त खाताको प्रयोग भएको देखिन्छ। यसरी सहकारीको रकम घुमाउरो बाटोबाट कम्पनीमा ल्याई शेयरमा रूपान्तरण गरिनु संगठित वित्तीय ठगीको संकेत हो।

सहकारीको रकम कम्पनी सञ्चालनमा मात्र होइन, शेयर खरिदमार्फत स्वामित्व निर्माणमा प्रयोग हुनु ‘क्लिन चिट’ होइन, ठगीको केन्द्रीय आधार हो।

५) प्रचलित कानूनबमोजिम कारबाही सिफारिस

संसदीय विशेष समितिले सहकारीको रकम गैरकानूनी रूपमा गोरखा मिडिया नेटवर्कमा प्रवाह भई खर्च तथा परिचालन भएको पुष्टि गरेको छ। उक्त अवधिमा प्रबन्ध निर्देशकको जिम्मेवारीमा रहेका रवि लामिछाने रकमको स्रोत, प्रयोग र परिचालनप्रति प्रत्यक्ष रूपमा उत्तरदायी ठहरिन्छन्। त्यसैले प्रतिवेदनले उनलाई प्रचलित कानूनबमोजिम कारबाही गर्न नेपाल सरकारसमक्ष सिफारिस गरेको हो।

<u>सहकारी ठगिको सन्दर्भमा संसदीय छानबिन समितिले निकालेको छानबिन प्रतिवेदन प्रमाण हो कि हैन **?**</u>

- हो

<u>कसरी हो **?**</u>

• संसदीय छानबिन समिति, सार्वभौम संसद् अन्तर्गत गठन हुने सरकारी समिति हो। यसले राज्यको तर्फबाट विशिष्ट जिम्मेवारी पाएको हुन्छ। यो सरकारी हो, यसले निकालेको प्रतिवेदन प्रमाण नै हो , 'प्रमाण कहाँ छ?' भन्ने प्रश्न उठिरहँदा, हाम्रो प्रमाण ऐन २०३१ ले यसको स्पष्ट जवाफ दिएको छ। हाम्रो प्रमाण ऐन २०३१ दफा १३ ले भन्छ, कुनै पनि राष्ट्रसेवकले आफ्नो जिम्मेवारी पूरा गर्दा तयार पारेको सार्वजनिक दस्ताबेजलाई प्रमाणको रूपमा मान्न सकिन्छ। त्यसैले, संसद्को तर्फबाट छानबिन गरी निकालिएको प्रतिवेदन आफैँमा एउटा बलियो कानुनी प्रमाण हो।"यसरी हेर्दा प्रमाण के हो, कहा छ भन्ने कुरा बारम्बार उठ्दै गर्दा, संसदीय छानबिन समितिले निकालेको प्रतिवेदन आफैमा प्रमाण हो भन्ने कुरा हाम्रो प्रमाण ऐनले स्वीकार गर्दछ।

# रवी लामिछानेलाई सर्वोच्च अदालतले थुनामा नै राख्न लिएका आधारहरू

१. यसमा निवेदक प्रतिवादीहरू रवि लामिछाने र छविलाल जोशी समेतले सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. को रकम गैरकानुनी रूपमा गोर्खा मिडिया नेटवर्क प्रा. लि. मा लगी सहकारी ऐन, २०७४ को दफा १२२ को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ) र (त) अन्तर्गतको निषेधित कार्य गरी सहकारी संस्थाको रु.१०,९९,३६,००० ।- (दश करोड उनान्सय लाख छत्तिस हजार रुपैयाँ ) ठगी गरेकोले उक्त रकम विगो कायम गरी प्रतिवादीहरूलाई सो ऐनको दफा १२४ को उपदफा (१) को खण्ड (घ) को देहाय (५) बमोजिम सजाय गरी संगठित अपराध निवारण ऐन, २०७० को दफा ९ को देहाय (क) र (ग) बमोजिम थप सजाय गरी पाऊँ भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ बमोजिम पूरक अभियोग दाबी लिएको देखिन्छ ।

२. अब यी निवेदक प्रतिवादीहरूलाई थुनामा नै राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने हो वा होइन भन्ने सम्बन्धमा हेर्दा यी प्रतिवादीहरू समेतको मिलेमतो र योजनामा सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. (यसपछि सहकारी संस्था भनिएको) बाट गोर्खा मिडिया नेटवर्क प्रा.लि. (यसपछि कम्पनी भनिएको) मा गैरकानूनी रूपमा रकम लगी सहकारी ठगी तथा सङ्गठित अपराध गरेकोले कानुन बमोजिम कारबाही गरी पाऊँ भनी किटानी जाहेरी परेको देखिन्छ।

३. निवेदक प्रतिवादी रवि लामिछानेका हकमा विचार गर्दा गोर्खा मिडिया नेटवर्क प्रा. लि. मिति २०७७/०५/१० मा स्थापना भएकोमा सोही दिन उक्त कम्पनी र यी प्रतिवादीका बिचमा भएको Memorandum of Association (MoA) मा निज प्रतिवादी टि.भी. कार्यक्रमको सञ्चालकका रूपमा संलग्न हुने भनिए तापनि सोही MoA वाट निजले उक्त कम्पनीको १५ प्रतिशत शेयर धारण गर्ने बेहोरा उल्लेख गरेको देखिँदा उक्त कम्पनीको व्यवस्थापनमा स्थापना कालदेखि नै यी प्रतिवादीको संलग्नता भएको देखिन आयो। यी प्रतिवादी प्रबन्ध निर्देशक, शेयर धनी र सञ्चालकको हैसियतमा मिति २०७७/०७/०२ देखि मिति २०७९/०३/०१ सम्म उक्त कम्पनीमा रहेको देखिएकोमा सो अवधिमा उक्त कम्पनीमा सहकारी संस्थाबाट विभिन्न मितिमा पटक पटक गरी विभिन्न परिमाणमा रकम गएको देखिन्छ । सो मध्ये यी प्रतिवादी रवि लामिछानेको नाममा उक्त सहकारी संस्थाको Loan A/C No. ००१-००१-००५- ००००२२४ बाट दुई करोड रुपैयाँ कर्जा प्रवाह भएको तथ्यमा विवाद देखिँदैन । यी प्रतिवादीले उक्त कम्पनीमा र आफ्नो नाममा समेत सहकारी संस्थाबाट आएको रकमका बारेमा आफूलाई कुनै थाहा जानकारी नभएको भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको भए तापनि निज प्रतिवादीको हस्ताक्षरबाट सन् २०२२/०१/०६ मा चेक नं. ००५०४७६३८३ मार्फत रु. ४०,९२,००० /- (चालिस लाख बयानब्बे हजार रुपैयाँ) सहकारी संस्थालाई भुक्तानी गरेको निस्सा मिसिल सामेल भएको देखिँदा उक्त सहकारी संस्थासँगको कर्जा कारोबारको बारेमा आफूलाई केही थाहा नभएको भन्ने प्रतिवादीको भनाई खण्डित भएको देखियो ।

४. निवेदक प्रतिवादी रवि लामिछानेले आफू मिति २०७७/०९/३० मा मात्र कम्पनीमा . प्रबन्ध निर्देशकको रूपमा नियुक्ति पाएकाले सो अगाडिको आर्थिक कारोबारमा आफ्नो कुनै संलग्नता नरहेको भन्ने जिकिर लिएको भए तापनि निजले कम्पनीमा प्रबन्ध निर्देशकको पदमा नियुक्ति पाउनु अगाडि नै मिति २०७७/०७/०२ को सञ्चालक समितिको बैठकमा कार्यकारी निर्देशकको हैसियतले उपस्थित भएको देखिएको र सो बैठकले Global IME Bank Ltd. कालोपुल शाखामा खाता सञ्चालन गर्ने र सो खातामा गितेन्द्र बाबु राई, छविलाल जोशी वा रवि लामिछाने मध्येकुनै एकको हस्ताक्षरबाट खाता सञ्चालन गर्ने भनी निर्णय गरेको देखिन्छ। सोही निर्णय बमोजिम खोलिएको कम्पनीको खातामा सहकारी संस्थाबाट पटक पटक रकम आएको देखिँदा सहकारी संस्थाबाट रकम लैजाने गरी भएको आर्थिक कारोबारमा यी निवेदक प्रबन्ध निर्देशक हुनुपूर्व देखि नै संलग्न भएको देखिन आयो।

५. निवेदक प्रतिवादी रवि लामिछानेको गोर्खा मिडिया नेटवर्क प्रा.लि.मा रु. १,८०,००,०००/- (एक करोड असी लाख रुपैयाँ) बराबरको शेयर रहेको देखिन्छ । आफूले MoA को सर्त बमोजिम कम्पनीको १५ प्रतिशत शेयर निःशुल्क पाएको भन्ने निजको कथन देखिन्छ । मिति २०७७/०५/१० मा भएको उक्त MoA मा यी प्रतिवादीले निःशुल्क १५

प्रतिशत शेयर प्राप्त गर्ने सर्त उल्लेख भएको देखिए तापनि निज स्वयम्ले प्रमाणित गरी आधिकारिक निकायमा पेस गरेको लगानी श्रोत फारममा "अन्य व्यवसायको आम्दानी, ऋण सापटी र पैतृक सम्पत्तिबाट" एक करोड असी लाख रुपैयाँको शेयर लगानी गरेको भन्ने बेहोरा उल्लेख भएको देखिन आएबाट निःशुल्क शेयर प्राप्त गरेको भन्ने निजको भनाई मिसिल संलग्न प्रमाणबाट समर्थित भएको देखिएन । अपितु निज प्रतिवादीले सोही शेयर खरिद गर्न सहकारी संस्थाबाट कर्जा लिएको देखिन आउँछ। सो कर्जा लिँदा सहकारी ऐन, नियम र संस्थाको विनियमावली लगायत प्रचलित कानुन बमोजिमको कुनै प्रक्रिया पूरा गरेको प्रथम दृष्टिमा नै देखिन आएन ।

६. साथै, यी प्रतिवादी रवि लामिछानेले मिति २०७९/०३/०१ मा उक्त कम्पनीबाट अलग भएको भनी जिकिर लिए तापनि सो मिति पश्चात् समेत निजले कम्पनीको खाता सञ्चालकको हैसियतले विभिन्न मितिका चेकहरूमा हस्ताक्षर गरेको देखिएबाट उक्त कम्पनीमा निजको निरन्तर संलग्नता देखिन आयो ।

७. यस प्रकार, उक्त कम्पनीमा यी प्रतिवादी रवि लामिछानेको संलग्नता कर्मचारीको हैसियतमा मात्र नभई कम्पनी सञ्चालनमा सारभूत रूपमा प्रभाव पार्ने हैसियतको देखियो । यस स्थितिमा सहकारी संस्थाका अध्यक्ष एवम् सह-अभियुक्त ओम प्रकाश गुरुङ र कुमार रम्तेल समेतले यी प्रतिवादीको संलग्नतामा विभिन्न सहकारी संस्थाबाट रकम लिई टेलिभिजन कम्पनी खडा गरी सहकारीको रकम अपचलन गरेको भनी गरेको बयान, सह-प्रतिवादी छविलाल जोशीले कम्पनीको सम्पूर्ण आर्थिक कारोबारको जिम्मा जि. वि. राई र यी प्रतिवादी रवि लामिछानेको थियो भनी गरेको बयान तथा कम्पनीका लेखापाल सञ्जय अधिकारी, सहायक लेखापाल रजनी श्रेष्ठ एवम् लेखा परीक्षक विशेष विभू आचार्यले गरेको घटना विवरण कागज समेतका तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी आरोपित कसुरका कसुरदार रहेनछन् भनी विश्वास गर्न सकिने मनासिब आधार देखिन आएन ।

८. अब निवेदक प्रतिवादी छविलाल जोशीको हकमा विचार गर्दा निज प्रतिवादी गोर्खा मिडिया नेटवर्क प्रा.लि. को संस्थापक शेयरधनी तथा सञ्चालक भएको तथ्यमा विवाद भएन । निज कम्पनीको स्थापना कालदेखि मिति २०७८/०६/२२ सम्म उक्त कम्पनीमा आबद्ध रहेको देखिएकोमा सो अवधिमा उक्त कम्पनीको नाममा सहकारी संस्थाबाट पटक पटक विभिन्न मितिमा विभिन्न परिमाणमा रकम आएको देखिन्छ ।

९. सो मध्ये यी निवेदक प्रतिवादीको नाममा मिति २०७७ / १० / २८ मा सुप्रिम सहकारी संस्थाबाट Loan A/C No. ००१००१-१०५-००००२११ बाट दुई करोड पचास लाख कर्जा प्रवाह भएको देखिन्छ । निज प्रतिवादीले उक्त कर्जा प्रवाहमा आफ्नो कुनै संलग्नता नभएको र सम्पूर्ण आर्थिक कारोबार प्रतिवादी जि . वि राई र रवि लामिछानेले गर्ने गरेको भनी बयानमा जिकिर लिएको भए तापनि मिति २०७७/०७/०२ को सञ्चालक समितिको बैठकमा यी प्रतिवादी छविलाल जोशी संस्थापक सञ्चालकको हैसियतले उपस्थित भई Global IME Bank Ltd. कालोपुल शाखामा खाता सञ्चालन गर्ने र सो खातामा गितेन्द्र बाबु राई, छविलाल जोशी वा रवि लामिछाने मध्ये कुनै एकको हस्ताक्षरबाट खाता सञ्चालन गर्ने गरी निर्णय गरेको र सो निर्णय बमोजिम खोलिएको उल्लेखित खातामा नै सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि.बाट यी निवेदक समेतका नाममा पटक पटक रकम आएको देखिएको स्थितिमा सहकारी संस्थाबाट कम्पनीमा रकम आएको बारेमा आफूलाई केही थाहा जानकारी नभएको भन्ने प्रतिवादीको जिकिर विश्वास पद देखिएन ।

१०. यस स्थितिमा मिसिल संलग्न सहकारी संस्थाका अध्यक्ष एवम् सह-अभियुक्त ओम प्रकाश गुरुङ तथा सह-अभियुक्त कुमार रम्तेल एवम् कम्पनीका लेखापाल सञ्जय अधिकारी, सहायक लेखापाल रजनी श्रेष्ठ एवम् लेखा परीक्षक विशेष विभू आचार्यले गरेको घटना विवरण कागज समेतका तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी आरोपित कसुरका कसुरदार रहेनछन् भनी विश्वास गर्न सकिने मनासिब आधार देखिन आएन । तसर्थ, तहाँ अदालतबाट निवेदक प्रतिवादीहरू रवि लामिछाने र छविलाल जोशीलाई पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी पुर्पक्षका लागि थुनामा राखी मुद्दाको कारबाही र किनारा गर्ने गरी भएको मिति २०८१/१२/२२ को आदेश बेरितको नदेखिँदा बदर गरिरहनु परेन । कानुन बमोजिम गर्नू